




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २२ ❑ अङ्क १८२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असार ३१ गते बिहीबार ❑ 15 July 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## अवरोध र बहिष्कारका बीच बजेट पारित

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० असार**

गण्डकी प्रदेशको बजेट प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले)को अवरोध र बहिष्कारका बीच पारित भएको छ।

एमालेले प्रदेशसभाको बैठक लगातार अवरोध गरेपछि मार्सल लगाएर बुधबार बजेट पारित गरिएको हो। बैठक शुरु हुनासाथ नेकपा एमालेका प्रदेशसभा सदस्यले बेल घेराउ गरेपछि मार्सल लगाइएको थियो। केही समय मर्यादापालक र प्रतिपक्षका सदस्यबीच धकेलाधकेल भएको थियो।



विरोधका बाबजुद पनि बैठक अघि बढेपछि एमालेका सदस्यले प्रदेशसभा बहिष्कार गरेका थिए। प्रतिपक्षको बहिष्कारकाबीचअर्थमन्त्रालयको समेत जिम्मेवारी सम्हाल्नुभएका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले विनियोजन विधेयकलगायत विधेयक पारित गर्न राख्नुभएको प्रस्ताव बहुमतले पारित भएको हो। आफ्नो सरकारको पालामा ल्याएका विभिन्न योजनाको बजेट कटौती लगायतका विषयमा नेकपा एमाले असहमति जनाउँदै आएको छ।

यसअघि बैठकमा प्रतिपक्षी दल नेकपा एमालेले बहुवर्षीय योजनाका साथै स्रोत सुनिश्चित भएर अघि बढेका योजनालाई समेत निरन्तरता नदिइएको भन्दै नेकपा एमालेका प्रदेशसभा सदस्यले उठेर बैठक अवरुद्ध गरेका थिए। बैठक अवरुद्ध भएसँगै सभामुख नेत्रनाथ अधिकारीले नेकपा एमालेका रामशरण बस्नेतलाई बोल्न दिएका थिए। सदस्य बस्नेतले बजेटको न्यायोचितवितरणनगरिएकोआरोप लगाउँदै मन्त्रालयमा एकमुष्ट रकम राखिएको छ भने। जिल्लागतरुपमा पनि बजेट वितरण न्यायोचित नभएको उनको भनाइ छ। नेकपा एमालेका तर्फबाट बुझाइएको १० बुँदे ध्यानाकर्षणबारे सम्बोधन नहुँदासम्म सभाका गतिविधि अघि बढाउन नदिने उनले बताए।

एमालेको ध्यानाकर्षणपत्रमा बहुवर्षे आयोजना पूर्वाग्रहका आधारमा रद्द गरिएको, सालबसाली सञ्चालनमा रहेका योजना अलपत्र पारिएको, निर्माणाधीन सडकलाई अनुसूचीमा राखेर सत्तापक्षीय सदस्यको क्षेत्रमा मात्रै बजेट विनियोजन गरेको आरोप लगाएको थियो। त्यस्तै उज्यालो गण्डकी प्रदेश कार्यक्रम, स्थानीय पालिका केन्द्र जोड्ने सडक, निर्वाचन क्षेत्रीय सडकको दोस्रो खण्ड, एक पालिका एक खेल मैदान, एक घर एक धाराजस्ता महत्वपूर्ण योजनालाई निरन्तता नदिएको भन्दै ध्यानाकर्षणपत्रमा असन्तुष्ट व्यक्त गरिएको थियो।

दुर्गम र पिछडिएको क्षेत्रको बजेट कट्टा गरेको, विभिन्न मन्त्रालयमा योजना उल्लेख नगरी बजेट एकमुष्ट राखिएको, वार्षिक विकास कार्यक्रम नीति कार्यक्रम र बजेट वक्तव्यभन्दा फरक परेकाले सोहीअनुसार समायोजन गर्न पनि एमालेले माग गरिएको थियो।

## ५५ वर्ष माथि उमेर समुहका सहित ४८ हजारलाई कोरोना खोप लगाइदै

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० असार**



पोखरामा ५५ बर्ष माथि उमेर समुहका सहित अन्यलाई गरी ४८ हजार जनालाई कोरोना बिरुद्धको खोप दिइन सुरु गरिएको छ।

महानगरमा प्राप्त करिब ५० हजार भेरो–सिल्ड मध्य पछिल्लो चरणमा लक्षित बर्गलाई ४८ हजार १ सय २४ जनामा उक्त खोप दिइन बुधबार देखि सुरु भएको पोखरा महानगरका जनस्वास्थ्य अधिकृत हरिलाल आचार्यले बताए। उनका अनुसार पोखरा महानगरमा बुधबार देखि २० वटा खोप केन्द्रमा उक्त खोप लगाउन सुरु भएको हो। पोखरा महानगरपालिका वडा नम्बर १३ बाहेक, एक देखि १७ वटा वडा सहित शिशुवा सामुदायिक अस्पतालमा बुधबार र बिहीबार पहिलो चरणको भेरो सिल्ड लगाउने कार्यक्रम तय गरिएको जनस्वास्थ्य अधिकृत आचार्यले बताए।

बाँकी रहेका पोखराका वडा १८ देखि ३३ र पोखरा १३ को वडामा भने साउन ३ गते खोप लगाउने कार्यक्रम तयारी गरिएको उनले जनाए। पोखरा महानगरपालिकाले बुधबार देखि ५५ बर्ष उमेर समुहका नागरिक, शिक्षक कर्मचारी, सार्वजनिक यातायातमा कार्यरत चालक तथा सहचालक, खोप अनिवार्य गरेका देशमा जाने नेपाली नागरिक, नेपाल सरकारले तोकेको आत्यावश्यक सेवामा संलग्न खोप लगाउन बाँकी व्यक्तिहरुलाई खोपको प्राथमिकतामा राखेको छ।

पोखरामा अझै दोश्रो चरणका फागुन २३ पछिका करिब २३ हजार जनालाई दोश्रो चरणको खोप लगाउन बाँकी रहेको छ। पोखरा महानगरमा दोश्रो चरणको कोभि–शिल्ड लगाउन करिब २३ हजार जना बाँकी रहेको अधिकृत आचार्यले जनाए। आचार्यले पुन नेपाल सरकारबाट खोप उपलब्ध हुन साथ महानगरले पोखरेलीलाई पाइक पर्ने स्थलमा पुगेर खोप लगाउने भएको बताए। पछिल्लो समयमा कोरोना बिरुद्धको खोप लगाउन आउनको सङ्ख्या निकै उतसाहजनक रहेको अधिकृत आचार्यले जनाए।

पोखरा महानगरपालिकाको शहरी स्वास्थ्य प्रबर्द्धन केन्द्र, नयाँबजार पोखरामा घण्टौं लाइन लागेर पोखरा ८ र ९ का स्थानियहरु बुधबार सहभागि भएका थिए। खोप पाउने आशमा विहानै देखि ठुलो सङ्ख्यामा भिड भएकोले सुरुमा व्यबस्थापन गर्न कठिन भएको पोखरा ८ का वडा अध्यक्ष रुद्रनाथ बरालले बताए। सुरक्षाकर्मीले समेत लाइन लगाउन र खोप लगाउन आउनेहरुलाई सहजीकरण गरेका थिए।

## कालीगण्डकी डाइभर्सनको काम तत्काल अघि नबढाउन अन्तरिम आदेश

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० असार**

सर्वोच्च अदालतले कालीगण्डकी डाइभर्सन बहुउद्देश्यीय परियोजनाको काम तत्काल अघि नबढाउन अन्तरिम आदेश जारी गरेको छ।

प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबराको एकल इजलासले बुधबार उक्त परियोजनाको काम अघि नबढाउन सरकारका नाममा अन्तरिम आदेश जारी गरेको हो।

आदेशमा भनिएको छ, "कालीगण्डकी नदी धार्मिक, ऐतिहासिक तथा पर्यावरणीय महत्वको देखिएकाले प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म उक्त नदीको प्राकृतिक बहावलाई परिर्वतन गर्ने गरी ड्याम बनाउने, प्रदूषण गर्ने, नदीजन्य पदार्थ निकाल्ने, शालीग्राम चोरी निकासी विनास गर्नेलगायत कार्यलाई यथास्थितिमा राख्नु।"

आदेशमा परम पावन आर्यावर्त भूमिको शीर्षस्थ स्थान हिमवत्व खण्ड नेपालको पश्चिमाञ्चल क्षेत्रमा अवस्थित सिद्धभूमि हिमालय पर्वतबाट निस्किएकी कालीकण्डकी विश्वकै पवित्र नदी भएको हुँदा उक्त नदीको सौर्न्दयलाई असर पर्ने गरी कुनै पनि कार्य नगर्न भनिएको छ।

सर्वोच्च अदालतमा वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्माले शालीग्राम पाइने विश्वकै एकमात्रै नदी कालीगण्डकीको स्वरुप परिवर्तन हुने गरी डाइभर्ट गरेर रुपन्देहीको तिनाउ खोलामा झार्न लागिएको हुँदा रोक्न माग गर्दै रिट निवेदन दायर गरेका थिए।

यसअघि, यही असार २३ गते न्यायाधीश तेजबहादुर केसीको एकल इजलासले लिखित जवाफ माग गरेको थियो। बुधबार दुवै पक्षको छलफलपछि तत्कालका लागि त्यहाँको काम रोक्न अन्तरिम आदेश जारी भएको हो।

## पोखराको पर्यटकीय ब्रान्ड 'पोखरा पेयर याज पाराडाइज'

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० असार**

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशले पर्यटकीयस्थल पोखराको पर्यटकीय ब्रान्ड 'पोखरा पेयर याज पाराडाइज' तयार गरेको छ।

यसअघिको पर्यटकीय ब्रान्ड 'पाराडाइज पोखरा' लाई परिमार्जन गर्दै पोखरा पेयर याज पाराडाइज तयार गरिएको हो।

नेपालका विभिन्न पर्यटकीय गन्तव्यलाई ब्राण्डिङ गर्दै लैजाने योजना अनुरुप बोर्डले पोखराको पनि ब्राण्ड बनाएको पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत डा धनञ्जय रेग्मीले बताउनुभयो। गन्तव्यलाई सरल र स्पष्टरूपमा बुझ्न पर्यटकीय गन्तव्यको ब्रान्डिङ आवश्यक्ता महसुस गरी शुरुआत गरिएको उहाँले बताउनुभयो।

ब्राण्डिङले पोखरालाई थप आकर्षक गन्तव्य बनाई राष्ट्रिय एवं अन्तर्राष्ट्रियरूपमा चिनाउन थप बल पुग्ने उल्लेख गर्दै उहाँले यसको शुरुआत बोर्डले गौतमबुद्ध जन्मस्थल लुम्बिनीबाट गरेको जानकारी दिनुभयो। ब्राण्ड तयार गर्ने विज्ञ फर्मको प्राविधिक सहयोगमा तयार गरिएको पर्यटकीय ब्रान्डलाई पोखराका सरोकारवालामाझ विभिन्न चरणमा प्रस्तुत गरिएको थियो।

सोबाट प्राप्त राय तथा सुझाव सङ्कलन गरी नयाँ पर्यटकीय ब्रान्डलाई अन्तिम रुप दिइएको बोर्डका वरिष्ठ निर्देशक तथा गण्डकी प्रदेश प्रमुख काशीराज भण्डारीले जानकारी दिनुभयो। उहाँका अनुसार कोभिडको प्रभाव कम भएपछि पोखराको नयाँ पर्यटकीय ब्रान्डलाई आन्तरिक तथा बाह्य पर्यटन बजारमा प्रचार गरिने छ।

## सरकारी तथा निजी अस्पतालमा कोरोना संक्रमित बिरामी घटे


**रासस**
**काठमाडौं, ३० असार**

सरकारी तथा निजी अस्पतालमा कोरोना सङ्क्रमित बिरामीको सङ्ख्या घट्दै गएको छ। विश्वका विभिन्न मुलुकसहित नेपालमा पनि नयाँ भेरियन्टसहित दोस्रो चरणको कोरोना सङ्क्रमण तीव्र गतिमा बढेपनि पछिल्लो समय भने सरकारी तथा निजी अस्पतालमा कोरोनाका बिरामी घट्दै गएका हुन्।

कूल ८०३ शय्यासहित बिरामीको विभिन्न रोगको उपचार गराइरहेको महाराजगञ्जस्थित त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल (टिचिङ) ले कोरोना उच्च बिन्दुमा पुग्दा ३७० शय्यामार्फत कोभिड-१९ बिरामीको उपचार गरेको थियो। कोरोना बिरामीको लागि कूल ४०० शय्या छुट्याइएको सो अस्पतालले कोरोना उच्च बिन्दुमा हुँदा ५७ सघन उपचार केन्द्र र ३९ भेन्टिलेटरमार्फत बिरामीको उपचार गरेको अस्पतालका कोरोना व्यवस्थापन समितिका संयोजक डा सन्तकुमार दासले जानकारी दिनुभयो। कोरोना सङ्क्रमित बिरामी घट्दै गएपछि उक्त अस्पतालले हाल कोरोना बिरामीका लागि १६० शय्या छुट्याएको छ। जसमध्ये कोरोनाका ९४ बिरामी भर्ना भएर उपचार गराइरहेको डा दासले बताउनुभयो। भर्ना भएका ९४ बिरामीमध्ये ३० बिरामीको सघन उपचार केन्द्र एवं भेन्टिलेटरको सहयोगमा उपचार भइरहेको छ। गत वर्षको कोरोना सङ्क्रमणको समयमा टिचिङ अस्पतालले कोभिड-१९ का बिरामीको उपचारका लागि जम्मा १०० शैय्या छुट्याइएको थियो।

निजी लगानीमा सञ्चालित अस्पतालमा पनि कोरोना सङ्क्रमित बिरामीको संख्यामा कमी आएको छ। कूल २०० शय्यासहित बिरामीको विभिन्न रोगको उपचार गराउँदै आएको धापासीस्थित ग्राण्डी अन्तर्राष्ट्रिय अस्पतालले कोरोना उच्च बिन्दुमा पुग्दा दैनिक ७५ देखि ८० बिरामीको उपचार गरेको थियो। कोरोना बिरामीको लागि ८४ भन्दा बढी शय्या छुट्याइएको सो अस्पतालले कोरोना उच्च विन्दुमा हुँदा १८ सघन उपचार एवं भेन्टिलेटरमार्फत बिरामीको उपचार गरेको थियो। कोरोना सङ्क्रमित बिरामी घट्दै गएपछि उक्त अस्पतालले हाल कोरोना बिरामीका लागि छुट्याइएको शय्यामा पनि कटौती गरेको छ। अस्पतालका प्रशासक हरि खड्काले हाल दैनिक ८ देखि १० जना कोरोना सङ्क्रमित बिरामी भर्ना भएर उपचार गरेको जानकारी दिनुभयो। उक्त अस्पतालमा अहिले भेन्टिलेटरमा राखेर उपचार गर्ने बिरामी पनि घटेको छ। ग्राण्डीले गत वर्ष कोरोना बिरामीका लागि ५४ शय्या छुट्याएर भेन्टिलेटर, सघन उपचार कक्षसहितको कोभिड-१९ को बिरामीको उपचार गरेको थियो। दोस्रो चरणको कोरोना सङ्क्रण शुरु हुनुपूर्व दैनिक ५०० भन्दा बढी बिरामीलाई ओपिडी सेवा प्रदान गर्दै आएको सो अस्पतालले अहिले दैनिक जम्मा २०० देखि ३०० बिरामीलाई ओपिडी सेवा प्रदान गरेको छ। कोभिडको समयमा स्वास्थ्य सामग्रीको अभाव र पाएका सामग्री पनि महँगो शुल्कमा खरीद गर्नुपर्ने भएकाले उपचारमा केही समस्या भएको प्रशासक खड्काको भनाइ छ। सरकारी तथा निजी अस्पतालमा कोभिड-१९ का बिरामी घटेपछि अस्पतालमा माग हुँदै आएको कोरोना उपचार सामग्रीको बिक्रीवितरण समेत घटेको छ।

दुई वर्षदेखि काठमाडौँको सामाखुशीमा स्वास्थ्यसामग्री बिक्री गर्दै आएको ग्लोबल हस्पिटलको प्रालिका निर्देशक बद्रीनाथ घिमिरेले कोरोनाका बिरामी घटेसँगै अस्पतालबाट कोरोना उपचारका लागि आवश्यक स्वास्थ्य सामग्रीको मागमा कमी आएको जानकारी दिनुभयो। "कोरोना बिरामी घटेसँगै कोरोना उपचारका लागि आवश्यक पिपिइ, माक्स, सेनिटाइजर, पल्स अक्सिमिटरलगायतका स्वास्थ्य सामग्रीको मागमा कमी आएको छ", उहाँले भन्नुभयो। सरकारी तथ्याङ्कअनुसार पछिल्लो पटक असार २९ गते देशभर २४ घण्टामा दुई हजार ३९८ जनामा कोरोना सङ्क्रमण पुष्टी भएको थियो भने कोरोना सङ्क्रमणका कारण १२ जनाले ज्यान गुमाएका थिए।

# भानुभक्तलाई राष्ट्रियताका आधारमा बुझ्न जरुरी

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० असार**

भानुभक्त आचार्यलाई राष्ट्रियताका आधारमा बुझ्न जरुरी रहेको कविहरूले बताएका छन् । गण्डकी प्रज्ञा प्रतिष्ठानले २०८औँ भानु जयन्तीका अवसरमा आयोजित 'धुनमा कविता' कार्यक्रममा भानुभक्तले आफ्ना सिर्जनाबाट प्रस्तुत गरेका सबै विषय महत्वपूर्ण भएको बताएका हुन् ।

कार्यक्रममा कवि तीर्थ श्रेष्ठले नेपाली भाषाको प्रचारप्रसार र महत्वमा भानुभक्तको योगदान अतुलनीय रहेको उल्लेख गर्नुभयो । भानुभक्तलाई आदिकवि मात्र नभएर आदि व्यङ्ग्य कविका रूपमा परिचित गराउनुपर्ने आवश्यकता रहेको उहाँको भनाइ थियो । मङ्गलबार बगरस्थित शिक्षा विकास निर्देशनालयको सभाहलमा आयोजित कार्यक्रममा प्रदेशका १२ जिल्लाका १२ कविले कवितावाचन गर्नुभएको थियो । कार्यक्रममा कास्कीका शिव त्रिपाठी, लमजुङका सरस्वती श्रेष्ठ 'सरु', कास्कीका छन्दकवि शङ्करमणि त्रिपाठी, लमजुङका कुमार तामाङ, कास्कीका लक्ष्मी थापा, तनहुँका अम्बिकाप्रसाद भट्टराई, गोरखाका लोकनाथ पुडासैनी, पर्वतका डा जगन्नाथ रेग्मी, स्याङ्जाका डा नारायणप्रसाद अधिकारी र सुदर्शन पौडेलले कविता प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा प्राज्ञ बिम्ब कवि रमेश श्रेष्ठले समेत कविता प्रस्तुत गर्नुभएको थियो । कवि श्रेष्ठले अहिले राष्ट्रियता कमजोर बन्दै गएको र कमजोर बनाउने तत्व हामी भएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "अहिले हाम्रा कारण राष्ट्रियता कमजोर हुँदै गएको छ ।

राजनीति र भाषा साहित्यलाई हामीले बुझेनौँ, भानुभक्तका पथमा हिँडेनौँ ।" उहाँले स्रष्टाहरूको सोच बदल्नुपर्ने आवश्यकता औँल्याउनुभयो । गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्य खड्का बिखर्चीले २०८औँ भानु जयन्तीका अवसरमा आयोजित धुनमा कविता प्रतिष्ठानको पहिलो कार्यक्रम भएको जनाउँदै आगामी दिनमा प्रदेशका वाङ्मयिक क्षेत्रको विकास र हितका निम्ति सबैसँग सहकार्य गर्दै अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा चलचित्रकर्मी प्रकाश घिमिरे, गीतकार दुर्गा शाह बाबा, गण्डकी प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सदस्य, उपकुलपति गोरे गुरुङ, पोखरा प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सदस्य, सङ्गीतकर्मी र कलाकर्मीहरूको उपस्थिति रहेको सचिव मनकुमार श्रेष्ठले जानकारी दिनुभयो ।



कृषक पुरस्कार ग्रहण : गण्डकी प्रदेशको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय मातहतको पशुपन्क्षी तथा मत्स्य विकास निर्देशनालयबाट यसवर्ष विभिन्न विधामा उत्कृष्ट हुन सफल कृषकहरु बुधबार पुरस्कार ग्रहणपछि । निर्देशनालय उत्कृष्ट १० कृषकलाई जनही रु २० हजारका दरले पुरस्कार प्रदान गरेको हो । तस्वीरः कृष्ण दवाडी,रासस

# थप दुई हजार ९०५ जनामा कोरोना संक्रमण

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० असार**

कोरोना सङ्क्रमणको दर फेरि बढ्न थालेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय जनाएको छ ।

मन्त्रालयले बुधबार गरेको पत्रकार सम्मेलनमा पछिल्लो २४ घण्टामा थप दुई हजार ९०५ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको मन्त्रालयका सहप्रवक्ता प्रा डा समीरकुमार अधिकारीले जानकारी दिनुभयो । मङ्गलबार दुई हजार ३९८ जनामा कोरोना सङ्क्रमण पुष्टि थियो । यसैगरी सोमबार दुई हजार ३७० मा र आइतबार एक हजार ८३१ मा कोरोना सङ्क्रमण पुष्टि भएको थियो ।

आठ हजार १०८ जनाको पिसीआर विधिबाट परीक्षण गर्दा दुई हजार १० जनामा सङ्क्रमण पुष्टि भएको हो । चार हजार ९१६ जनामा एन्टिजेन विधिबाट परीक्षण गर्दा ८९५ जनामा सङ्क्रमण पुष्टि भएको उहाँले जानकारी दिनुभयो । कोरोना सङ्क्रमणबाट पछिल्लो २४ घण्टामा १८ जनाको मृत्यु भएको छ । हालसम्म कोरोनाबाट निधन हुनेको सङ्ख्या नौ हजार ४३० पुगेको छ । यस अवधिमा एक हजार ६०६ जना सङ्क्रमणमुक्त भएका छन् । हाल सक्रिय सङ्क्रमितको सङ्ख्या २६ हजार ६४७ जना रहेको मन्त्रालयले जनाएको छ । जसमध्ये २४ हजार ९९ जना होम आइसोलेसनमा र दुई हजार ५४८ जना संस्थागत आइसोलेसनमा रहेको जनाइएको छ ।

पछिल्लो २४ घण्टामा काठमाडौँ उपत्यकामा ४२५ जना सङ्क्रमित भेटिएका छन् । जसमध्ये काठमाडौँमा २९४, भक्तपुरमा ६७ र ललितपुरमा ६२ जना सङ्क्रमित भेटिएका हुन् । हालसम्म ३७ लाख ३० हजारले खोप लगाएका छन् । ११ लाखले दुवै चरणको खोप पूरा गरेको कार्यक्रममा जानकारी दिइएको छ ।

कोरोनाका कारण स्वास्थ्यसम्बन्धी कुनै समस्या देखिएमा ११३३ टोल फ्रि नं २४ सै घण्टा खुला रहने मन्त्रालय जनाएको छ । स्वास्थ्य सावधानी अपनाउँदै भौतिक दूरी कायम गर्न, सकेसम्म बाहिर ननिस्कन र निस्कनु परेमा अनिवार्यरुपमा मास्कसहित स्वास्थ्य सुरक्षाका विधि अपनाउन पनि मन्त्रालयले आह्वान गरेको छ ।

# महामारी परास्त गर्न सबैको सहयोग र योगदानको खाँचो : गृहमन्त्री खाँण

**रासस**
**काठमाडौं, ३० असार**

नवनियुक्त गृहमन्त्री बालकृष्ण खाँणले सिंहदरबारस्थित गृहमन्त्रालयमा आज पदबहाली गर्नुभएको छ । उहाँलाई मन्त्रालयमा गृहमन्त्रालयका सचिव महेश्वर न्यौपाने, नेपाल प्रहरीका महानिरीक्षक शैलेश थापा, सशस्त्र प्रहरी बल नेपालका महानिरीक्षक शैलेन्द्र खनाल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख गणेशप्रसाद अधिकारीलगायतले स्वागत अभिवादन गर्नुभएको थियो । पद बहालीपछि सञ्चारकर्मीसँग सङ्क्षिप्त कुराकानी गर्दै गृहमन्त्री खाँणले हामीले आफ्नो जीवनमा कोभिड-१९ को सबैभन्दा ठूलो महामारी सामाना गरिरहेकाले त्यसलाई परास्त गर्न सबैको सहयोग र योगदानको खाँचो औँल्याउनुभयो । उहाँले भन्नुभयो, "कोरोनाको महामारीबाट बच्नका लागि सबैले गम्भीरतापूर्वक आफ्नो दायित्व र भूमिका निर्वाह गर्न जरुरी छ ।

कोभिड-१९ को महामारीका क्रममा सुरक्षा निकाय, स्वास्थ्यकर्मी, सञ्चारकर्मी अग्रभागमा रहेर ठूलो भूमिका निर्वाह भइरहेको छ ।" कोभिड-१९ प्रतिकार्यमा खटिने जुनसुकै नागरिकको जीवनरक्षा गर्नु सरकारको दायित्व रहेको बताउँदै गृहमन्त्री खाँणले भन्नुभयो, "महामारीका लागि समन्वयका साथ समुचित व्यवस्थापन गर्नुपर्छ, आवश्यक ठाउँमा सरकारकाले बजेट व्यवस्थापन र खर्च तथा उपचार गर्न प्रतिबद्ध छ ।" उहाँले संवैधानिक व्यवस्थाअनुरुप कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीच समन्वय गरी बनेका कानूनहरूलाई कार्यान्वयन गर्ने भूमिकामा सम्बद्ध निकायले सक्रियताका साथ मिलेर अघि बढ्नुपर्छ भन्ने हाम्रो चाहना रहेको बताउनुभयो ।

# सार्वजनिक सवारी साधनमा भाडा बढ्यो

**रासस**
**काठमाडौं, ३० असार**

यातायात व्यवस्था विभागले अन्तरप्रदेश चल्ने सार्वजनिक सवारी साधनको भाडा २८ प्रतिशतसम्म वृद्धि गरेको छ ।

दुई वा दुईभन्दा बढी प्रदेशमा चल्ने लामो दूरीको सवारी साधनमा भाडा बढाइएको विभागका प्रवक्ता डा लोकनाथ भुसालले बताए । यात्रुबाहक सवारी साधनको भाडा २८ प्रतिशत, तराईमा चल्ने सवारी साधनमा २० प्रतिशत र पहाडमा चल्ने मालबाहक सवारी साधनमा २६ प्रतिशत भाडा बढाइएको हो ।

पेट्रोलियम पदार्थको मूल्य वृद्धि, चालक, सहचालकको खर्च र सवारी साधनमा हुने मर्मतलगायत अरु किसिमका खर्चका आधारमा भाडा बढाइएको प्रवक्ता डा भुसालले बताए ।

विसं २०७२ यता भाडादर नबढाइएकाले अहिले बढाइएको उनले बताए । उनले भने, "सवारी साधनमा सबै कुरामा मूल्यवृद्धि भइरहेकै आधारमा भाडा बढाइएको हो ।"






# जोखिममा झोलुङ्गो पुल

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० असार**

लगातारको वर्षाका कारण फुस्रेखोलालगायत अन्य सहायक नदीमा पानीको बहाव बढेपछि पोखरा महानगरपालिका-३२ स्थित मालेपाटन र शुक्लागण्डकी नगरपालिका-१ सेराबैंसी जोड्ने झोलुङ्गे पुल जोखिममा परेको छ ।

पुलको छेउछाउमा नदीले कटान गरेपछि पुलमा आवतजावत गर्न समस्या भएको रुद्रबहादुर केसीले बताउनुभयो । जोखिममा रहेको पुललाई समयमा नै व्यवस्थापन तथा मर्मत नगर्दा आवतजावतमा समेत समस्या देखिएको उहाँले बताउनुभयो । पुललाई एकतर्फीरूपमा फुस्रेखोलाले कटान गरेपछि शुक्लागण्डकी-१ सेराबैंसी र पोखरा-३२ मालेपाटनमा आवागमन गर्न समस्या हुँदै गएको सेराबैंसीका युवा किशोर घिमिरेले बताउनुभयो ।

"पुलको दुवैतर्फको किनारामा बर्सेनि पानीले खोल्दै गएको छ, बर्सेनि जोखिम बढ्दै गए पनि यसतर्फ कसैले चासो दिएको छैन", उहाँले भन्नुभयो, "जोखमका बाबजुद पनि विकल्प नभएपछि सर्वसाधारण आवतजावत गर्न बाध्य छन् ।" जोखिममा पर्दै गएको पुलका सम्बन्धमा सम्बन्धित निकायले बेलैमा चासो दिनुपर्ने अर्का स्थानीयवासी बलराम ढकालले बताउनुभयो । नौलो घुम्ती नेपालको प्राविधिक सहयोगमा विसं २०७४ मा निर्मित पुलको लम्बाइ ११९ मिटर छ । कूल रु ४१ लाख २५ हजार ५२८ लागतमा बनेको पुल बर्सेनि फुस्रेखोलामा अविरल वर्षासँगै आएको बाढीले कटान गरेपछि जोखिममा पर्दै गएको हो । दैनिक ठूलो सङ्ख्यामा कृषिजन्य कामका साथै पोखरा तथा तनहुँका विभिन्न स्थानमा हिँडेर र मोटरसाइकलमा आवतजावत गर्ने सर्वसाधारण ठूलै समस्यामा परिरहेको स्थानीयवासीले बताएका छन् ।

# अर्थमन्त्री शर्माद्वारा खोप खरिदका लागि ५ अर्बको सहमति

**रासस**
**काठमाडौं, ३० असार**

सरकारले कोरोनाविरुद्धको खोप खरिदका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई रु ५ अर्बको सहमति प्रदान गरेको छ । नवनियुक्त अर्थमन्त्री जनार्दन शर्माले पदवहालीपछि कोरोनाविरुद्धको खोप खरिदका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई रु ५ अर्बको सहमति दिनेसम्बन्धी निर्णय गर्नुभएको हो ।

शेरबहादुर देउवा नेतृत्वको वर्तमान सरकारले मङ्गलबार सबै नागरिकलाई कोरोनाविरुद्धको खोप सुनिश्चित गर्ने पहिलो निर्णय गरेको थियो । सरकारले आगामी असोज मसान्तसम्म एक तिहाइ र चैत मसान्तसम्म खोप लगाउने उमेर समूहका सबै नागरिकलाई खोप दिने लक्ष्य लिएको छ । खोपको पर्याप्त आपूर्ति हुन नसक्दा नेपालमा खोप अभियान प्रभावित भएको छ । मङ्गलबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले महामारीको समयमा फ्रन्टलाइनमा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र सफाइकर्मीलगायतले पाउनुपर्ने जोखिम भत्ता एक साताभित्र उपलब्ध गराउन शुरु गर्ने निर्णय गरेको थियो । अर्थमन्त्री शर्माले कोभिड-१९ नियन्त्रण तथा रोकथामअन्तर्गत दायित्व व्यवस्थापनका लागि स्रोतको सुनश्चिततासम्बन्धी निर्णय गर्नुभएको छ । जसअन्तर्गत सङ्घीय अस्पतालका लागि रु ५६ करोड ४१ लाख ५७ हजार र प्रदेश तथा स्थानीय तहले सञ्चालन गरेका अस्पतालका लागि प्रदेश सामाजिक विकास मन्त्रालयमार्फत रु ३७ करोड ३४ लाख ९० हजार वित्तीय हस्तान्तरण हुनेछ ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कल्पनाले विश्वमाथि शासन गर्दछ । - नेपोलियन

## सम्पादकीय

# सदनको अवमूल्यन

विपक्षी विना प्रदेश सभा बैठक चलाएर गण्डकी प्रदेशका सभामुखले दलहरूबीच दुरी बढाउने काम गरेका छन।बैशाखमा विपक्षी सांसद बैठकमा अनुपस्थित हुँदा अनिश्चितकालका लागि बैठक स्थगित गरेका थिए । अविश्वासको प्रस्तावमा मतदान हुने बेला बैठक स्थगन गरेर विपक्षीलाई सहयोग गर्ने सभामुख साढे दुई महिनापछि प्रमुख प्रतिपक्ष दलका सांसदहरूलाई मार्शल लगाएर बैठक चलाउनु दुर्भाग्यपूर्ण हो । गण्डकी प्रदेश सरकारले बजेटमा नभएको योजनामा १० दिनमा सकनेगरी १६ करोड बाँडेको भन्दै विरोध भएको थियो । रातो किताब विना बजेट ल्याएको भन्दै विरोध खेपेको सरकारको लागि सभामुख नै ढाल बनेर संसदीय मुल्य र मान्यता विपरीत चलेका छन् । सरकारका लागि विपक्षी नहुँदा पनि सदन चलाएर मुतको न्यानो मानेका छन । सदन कसरी चलाउने, दलहरूबीच कसरी समन्वय गर्ने र सत्ताधारी र विपक्षीलाई सहमतिमा ल्याउन भुमिका खेल्नुपर्ने सभामुखले कुनै पनि बाटो नअपनाई दुरी बढाउने काम हो । सत्ता हातपार्ने बित्तिकै विपक्षीलाई पेलेर चल्ने निरंकुश, स्वेच्छाचारी र असंसदीय चरित्रलाई सघाउने काम भएको छ । नेपाली उखान बुढी मरी भन्दा पनि काल पल्क्यो भन्ने चिन्ता हो । नेकपा एमालेका सांसदको विरोध र सदन बहिस्कारका बीच गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेट पारित गरेको छ । प्रदेश सभा बैठकमा बजेटमाथिको छलफल प्रारम्भ भएपछि प्रतिपक्षी सांसदले वेल घेराउ गरेका थिए ।

वेल घेराउ गरेका प्रतिपक्षी सांसदलाई सभामुखले मार्सल लगाएका थिए। मर्यादापालक प्रहरी र प्रतिपक्ष सांसद घचेटाघचेट भएको थियो । प्रतिपक्षी सांसदले मन्त्रीको कुर्सी उठाएर फाल्ने काम अमर्यादित काम हो । पृथ्वीसुब्बा गुरुङको सरकारमा मन्त्री रहेका रामशरण बस्नेतले देखाएको ब्यवहार अनुचित र आलोचना योग्य छ । आफूहरुको विरोधका बाबजुद पनि सदन अगाडि बढाउन लागेपछि एमालेले सदन बहिस्कार गर्नु शालिन बिरोध हुन्छ । प्रतिपक्ष बाहिरिएपछि सभामुखले सत्तापक्षका सांसदलाई बजेटमाथिको छलफलमा बोल्न दिई रीत पुऱ्याउँदै बजेट पारितको प्रस्ताव राख्न मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेललाई मौका दिएर सभाको प्रमुख होइन सत्ताको कारिन्दा जस्तो बनेका छन।जुन सदनकै अवमूल्यन गर्ने काम हो ।

अर्थ मन्त्रालयको समेत जिम्मेवारी सम्हालेका पोखरेलले विनियोजन विधेयक लगायत विधेयक पारित गर्न राखेको प्रस्ताव सत्ता पक्षका सांसदले पारित गरेका थिए । पोखरेलले १ असारमा ३० अर्बको बजेट ल्याएका थिए । प्रतिपक्षबिना संसद चलाइएको गण्डकीमा यो पहिलोपटक हो। संसदीय पद्दतिमा प्रतिपक्षबिना सदन चलाउने परम्परा छैन । माओवादी केन्द्रबाट निर्वाचित सभामुखले भने त्यसको ख्याल नगरी सदन अगाडि बढाएर कांग्रेस र माओवादी लगायतको साझेदारी सत्ताका लागि बफादार सिपाही बन्दै आएका छन ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : शत्रुको भय | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : मानसिक तनाव | धनु | : शारीरिक झमेला |
| कर्कट | : आर्थिक समस्या | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्पर्कहोस् ।

# झण्डै ६७ करोडको राजस्व छली

**रासस**
काठमाडौं, ३० असार

नक्कली मूल्य अभिवृद्धि कर (भ्याट)को बीजक जारी गरी रु ६७ करोड बराबरको राजस्व छली भएको पाइएको छ ।

राजस्व अनुसन्धान विभागले विभिन्न कम्पनीका तीन जना सञ्चालकले नक्कली गतिविधि गरी राजस्व छली गरेको आरोपमा आज उच्च अदालत पाटनमा मुद्दा दर्ता गरेको छ । सर्लाहीको मनिराज सप्लायर्सका प्रोप्राइटर राजदेवी तथा उक्त फार्मको मुख्य कारोवार गर्ने व्यक्ति राजाराम महतोले रु ४१ करोड ५१ लाख बढी बिगो बराबरको राजस्व छली गरेको अनुसन्धानमा खुलेको विभागले जनाएको छ । उनीहरुले मालवस्तु खरीद तथा आयात नगरी, झुटा खरीद देखाइ विभिन्न फार्मलाई बिक्री बीजक मात्र जारी गरेको पाइएको छ । उक्त फार्मबाट बिक्री रकम भुक्तानी लिई सो बीजकमार्फत असुल गरेको भ्याट सरकारी कोषमा दाखिला नगरेको पाइएको र विभिन्न फार्मलाई नक्कली एवं नक्कली बीजक उपलब्ध गराई जालसाजी गरी भ्याट र आयकरसमेत छली गरेको विभागको दाबी छ ।

# अझै भेटिनुभएन पहिरामा बेपत्ता युवक

**पोखरापत्र संवाददाता**
बागलुङ, ३० असार

एक साताअघि घरमाथिबाट आएको लेदोसहितको पहिरामा परी बेपत्ता हुनुभएका ताराखोला गाउँपालिका–३ का १८ वर्षीय राजेन्द्र कार्कीको स्थिति अझै अज्ञात छ ।

पहिराबाट बाखाको खोर जोगाउन खोज्दा कार्की यही असार २२ गते रातिदेखि बेपत्ता हुनुभएको हो । खोजीकार्य जारी रहे पनि उहाँको अवस्था पत्ता नलागेको इलाका प्रहरी कार्यालय ताराखोलाका प्रहरी नायब निरीक्षक लक्ष्मण न्यौपानेले बताउनुभयो । कार्कीलाई पहिराले बगाएर स्थानीय दरमखोलामा पुऱ्याएको हुनसक्ने प्रहरी आशङ्का छ । गलकोट नगरपालिका हुँदै बडिगाड खोलासम्म पुगेर प्रहरीले बेपत्ता कार्कीको खोजी गरिरहेको छ। पहिरामा परी घाइते हुनुभएका कार्कीका बुवा र भाइ भने पोखरामा उपचारपछि घर पर्केको प्रनानि न्यौपानेले जानकारी दिनुभयो । पहिरामा परी त्यस घरका २७ बाखा मरेका थिए ।

घरमा बस्न जोखिम भएपछि कार्की परिवार अहिले आफन्तकहाँ आश्रित छ ।

# गिट्टी–बालुवा निकासीको विकल्प खोज्न सुझाव

**रासस**
काठमाडौं, ३० असार

व्यापार घाटा कम गर्ने नाममा देशलाई मरुभूमि बनाएर ढुङ्गा, गिट्टी र बालुवा निकासी गर्ने सोचबाट बाहिर निस्कन विज्ञले सरकार र सरोकार निकायलाई सुझाव दिएका छन् ।

खानेपानी र सरसफाइको क्षेत्रमा काम गर्दै आएको स्मार्ट वास प्रालिले चन्द्र इन्जिनियरिङ कन्सल्टेन्सी र तराई इन्जिनीयर्स एशोसिएशनको सहकार्यमा 'चुरे जलाधार संरक्षणका मुद्दा, चुनौती र आगामी मार्ग' विषयक जुम प्रविधिबाट आयोजना गरेको कार्यक्रममा चुरे संरक्षणको गुरुयोजनामा कार्यपत्रसमेत प्रस्तुत भएको थियो । कार्यक्रममा कृषि तथा वन विज्ञान विश्वविद्यालयका प्रा डा विनोद भट्टले सरकारले भारतसँगको व्यापार घाटा न्यूनीकरण गर्न ढुङ्गा गिटी बालुवा निकासी गर्ने नीति र कार्यक्रम अध्यादेशमार्फत् आएको बजेटमा सार्वजनिक गरेकामा भट्ट हेर्दा आफूसँग जे छ, त्यही बेच्ने हो भन्ने विचारजस्तो देखिए पनि गहिराइमा पुगेर हेर्दा यसबाट देशलाई लाभभन्दा बढी हानी पुग्ने बताउनुभयो । खानी तथा भूगर्भ विभागको सर्वेक्षणले नेपालभर ९२ स्थानमा ढुङ्गा, बालुवा, गिटीको खानी सञ्चालन गर्न सकने देखाएको र तिनबाट उत्पादित निर्माण सामग्रीको १४ प्रतिशतमात्र निकासीयोग्य रहेको प्रतिवेदन सार्वजनिक भएको छ । वार्षिक रु १३ अर्बको लागि नेपालको धरातलीयस्वरुप नै खल्बल्याउने र तराई मरुभूमिकरण गर्ने कार्य गर्नु विवेकसम्मत नभएको विज्ञहरूको भनाइ छ ।

नेपालले वार्षिक रु ३० देखि ४० अर्बको चामल नै आयात गर्ने गरेको तथ्याङ्क छ । यसलाई मात्र रोक्ने नीति लिए ढुङ्गा, गिटी, बालुवा निकासीको भ्रमबाट मुक्ति मिल्नेमा भट्टको जोड छ । चुरे जोगाऔँ र धान उत्पादन बढाएर व्यापारघाटा सन्तुलनमा ल्याउनुपर्ने उहाँको सुझाव छ । कार्यक्रममा त्रिभुवन विश्वविद्यालय भूगर्भशास्त्र विभागका प्रा डा कविराज पौडेलले चुरे भावर क्षेत्र उत्पत्तिका हिसाबले पनि सबैभन्दा कमजोर र संवेदनशील भएकाले यसको संरक्षणमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो । विश्वविद्यालयको भूगर्भशास्त्र विभागले राष्ट्रपति चुरे भावर तराई संरक्षण विकास समितिसँग मिलेर त्यसक्षेत्रको वैज्ञानिक सर्वेक्षण गरी संरक्षणका योजनासहितको प्रतिवेदन तयार पारेको उहाँले बताउनुभयो ।

चुरेबाट उद्गम भएर तराई भइमेचीदेखिमहाकालीसम्मका १८ नदी प्रणालीको वैज्ञानिक सर्वेक्षण गरेर ती ठाउँको भूक्षय, पानीको स्रोत, नदी र खोलाको अवस्था, पानीको पुनर्भरण गर्न सकिने स्थानको पहिचानसमेत प्रतिवेदनमा गरिसकिएको पौडेलले जानकारी गराउनुभयो । चुरे र भावरमा देखिएको पहिरो एवं नदीकटानको रोकथाम, सुकेका, सुक्न लागेका खोला, ताल तलैयाको संरक्षण, नदी र झरनाको संरक्षण र व्यवस्थापन अपरिहार्य भइसकेको जनाइएको छ । डा पौडेलले चुरेको खानी सञ्चालन र व्यवस्थापनमा विशेष नियम ल्याउन पनि आग्रह गर्नुभयो । पानीको पुनर्भरणका लागि कृत्रिम पोखरी निर्माण, भूमिगत तालको निर्माण, वृक्षरोपण र संरक्षण अभियान सञ्चालन गर्न पनि आवश्यक रहेकामा उहाँले जोड दिनुभयो । कार्यक्रममा अर्का विज्ञ प्रताप तातेरले समग्र तराई भूमिगत पानीको सतहमा खासै परिवर्तन नआएको बताउनुभयो । चुरे र भावर क्षेत्रको संरक्षणको लागि ती क्षेत्रमा भएका उद्योग विस्थापन गर्न पनि उहाँले सुझाव दिनुभयो । चुरे र भावर क्षेत्रको दिगो संरक्षणको लागि प्रदेश तथा स्थानीय सरकारलाई संलग्न गराउनुपर्ने विज्ञहरूको सुझाव छ । राष्ट्रपति चुरे भावर तराई संरक्षण समितिको संरचना केन्द्रमुखी रहेकाले परिवर्तन गर्न पनि विज्ञको माग छ । कार्यक्रममा टिप्पणीकर्ता तथा अन्तर्राष्ट्रिय परामर्शदाता कृष्णचन्द्रप्रसाद साहले चुरेको स्रोत जमीन, जल, वनस्पति र जैविक विविधता भएकाले संरक्षण गर्नुपर्ने बताउनुभयो । टिप्पणीकर्ता राष्ट्रपति चुरे भावर तराई संरक्षण समितिका अध्यक्ष किरण पौडेलले नेपालको तराई भएर बग्ने १६४ नदी प्रणालीमा नदीजन्य निर्माण पदार्थ पर्याप्त रहेको र राष्ट्रिय आवश्यकताभन्दा ४० प्रतिशत बढी भएकाले त्यसको उपयोगको कुरा अस्वभाविक नभएको बताउनुभयो ।

तराई क्षेत्रका १६४ नदी प्रणाली व्यवस्थापनमा रु दुई खर्ब ५० अर्बदेखि ८०० अर्बसम्म लगानी आवश्यक रहेको उहाँले सुनाउनुभयो । भूसंरक्षण, पानीको स्रोत संरक्षण र आयआर्जनका लागि बाँस अत्यन्त उपयोगी देखिएकाले वृक्षरोपणमा बाँसलाई प्राथमिकतामा राख्न पनि उहाँले आग्रह गर्नुभयो । समितिका पूर्व पदाधिकारी वीरेन्द्र यादवले चुरेभावर क्षेत्रको भूबनोट संवेदनशील भएकोले ढुङ्गा गिटी बालुवा निकासीको विषयलाई रोकन आग्रह गर्नुभयो ।

# स्वास्थ्यचौकीको भवनभित्र छाता ओढ्नुपर्ने बाध्यता

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३० असार

जिल्लाको बेनी नगरपालिका–३ भकिम्लीस्थित स्वास्थ्यचौकीमा छाता ओढ्नुपर्ने बाध्यता छ ।

स्वास्थ्यचौकीको भवन जीर्ण भएर पानी चुहिन थालेपछि बर्खायाममा पानी पर्दा स्वास्थ्यकर्मी र सेवाग्राही छाता ओढेर बस्ने गरेका हुन् । स्वास्थ्यचौकीका प्रमुख जनस्वास्थ्य निरीक्षक धीरजकुमार शाहले भवनको प्रसूति कक्षभित्र पानी पर्दा छाता ओढेर सेवा दिने गरेको बताउनुभयो ।

"आफ्नै भवन नभएको र स्वास्थ्यचौकी सञ्चालन भइरहेको आमा समूहको भवन मर्मत नहुँदा जीर्ण बनेर पानी चुहिन थालेको छ", उहाँले भन्नुभयो, "बर्खामा पानी पर्दा भवनभित्रै छाता ओढेर सेवा दिने गरेका छौं ।" भवन अभावमा करिब एक हजार घरधुरीले सेवा लिने स्वास्थ्यचौकीको कामकाज प्रभावित बनेको हो । जीर्ण, साँघुरो र पानी चुहिने कच्ची भवनमा स्वास्थ्य संस्था सञ्चालन गर्दा नागरिकलाई समस्या भएको छ । स्वास्थ्यचौकी सञ्चालन भएको भवन नमूना आमा समूहको भवन मर्मत अभावमा जीर्ण बनेको हो । "छानोबाट पानी चुहिन्छ, प्रसूति गराउने कोठाको शय्यामा पानी चुहिने भएकाले टपेस राखिएको छ । सिङ्गो स्वास्थ्यचौकी दुईवटा कोठामा सीमित छ । पर्याप्त कार्यकक्ष नहुँदा सेवा प्रवाहमा समस्या भएको छ", जनस्वास्थ्य निरीक्षक शाहले भन्नुभयो । एक कोठामा प्रशासन र औषधि भण्डारण कक्ष बनाइएको छ । बहिरङ्ग, सोधपुछ र प्रसूति कक्ष एउटै कोठामा सञ्चालन भएको छ । गोप्य कक्ष नहुँदा सेवाग्राहीले लाज मानेर आफ्ना समस्या खुलेर स्वास्थ्यकर्मीलाई बताउन सक्दैनन् । दैनिक १० जनाको हाराहारीमा सेवाग्राही आउने गर्छन् । स्वास्थ्यचौकीको भवन बनाउन जग्गा प्राप्त भए पनि बजेट अभावमा कार्यान्वयन हुनसकेको छैन । स्वास्थ्यचौकी व्यवस्थापन समितिका अध्यक्षसमेत रहनुभएका वडाध्यक्ष पदम पुनले भवन बनाउन नगरपालिकामार्फत प्रदेश र सङ्घीय सरकारमा प्रस्ताव गरिएको बताउनुभयो ।

स्थानीयवासी पृथीलाल खत्रीको परिवारले आठ रोपनी जग्गा निःशुल्क उपलब्ध गराएको छ । यसअघि तीन रोपनी जग्गा उपलब्ध गराएको खत्री परिवारले नयाँ मापदण्डपछि थप पाँच रोपनी उपलब्ध गराएको हो । नगरपालिकाका उपप्रमुख सञ्जु बरुवालले विस्तृत परियोजना प्रतिवेदन तयार पारेर साझेदारीमा स्वास्थ्यचौकी भवन बनाउन प्रदेश र सङ्घ सरकारका निकायमा प्रस्ताव गरिने बताउनुभयो ।

# छाब्दीबाराही धार्मिक वनका रूपमा हस्तान्तरण

**पोखरापत्र संवाददाता**
दमौली, ३० असार

प्रसिद्ध धार्मिकस्थल तनहुँको व्यास नगरपालिका–१४ स्थित छाब्दीबाराही धार्मिक वनका रूपमा हस्तान्तरण गरिएको छ । डिभिजन वन कार्यालय तनहुँले छाब्दीबाराहीलाई धार्मिक वनका रूपमा समुदायलाई हस्तान्तरण गरेको हो । डिभिजन वन प्रमुख कोमलराज काफ्लेले छाब्दीबाराही धार्मिक वनका अध्यक्ष एवं छाब्दीबाराही विकास कोषका अध्यक्ष थानबहादुर थापालाई उक्त धार्मिक वनको स्वामित्व हस्तान्तरण गर्नुभएको छ ।

धार्मिक वनले पाँच हेक्टर क्षेत्रफल ओगटेको सव डिभिजन वन कार्यालय व्यासका प्रमुख नारायण कोइरालाले जानकारी दिनुभयो । सोही वन क्षेत्रभित्र छाब्दीबाराही मन्दिर पनि समेटिएको उहाँले बताउनुभयो । "धार्मिक वन बनाउन २०/२१ वर्षदेखि पहल भएको थियो, अहिले आएर त्यो कामले साथर्कता पायो", कोइरालाले भन्नुभयो । कुनै धार्मिक स्थल वा त्यसको वरिपरिको राष्ट्रिय वनको विकास, संरक्षण र उपयोग गर्न चाहने कुनै धार्मिक निकाय, समूह वा समुदायले त्यस्तो वनको क्षेत्रफल, चार किल्ला, त्यस्तो वनमा गरिने कार्यहरू तथा तोकिएबमोजिमका अन्य विवरणहरू खुलाई डिभिजनल वन अधिकृतसमक्ष निवेदन दिनुपर्ने प्रावधान छ । धार्मिक वनमा रहेका वन पैदावार सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले व्यापारिक प्रयोजन बाहेकका अन्य धार्मिक कार्यमा उपयोग गर्न सक्नेछ तर वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने गरी वा सार्वजनिकरूपमा हानि नोक्सानी हुने गरी वा जलाधार क्षेत्रमा भू-क्षय हुन सक्ने गरी रुख कटान गर्न नपाइने वन ऐनमा उल्लेख गरिएको छ ।

धार्मिक वनमा सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले नियम विपरीतको कार्य गरेमा वा धार्मिक वनमा गर्नुपर्ने कार्य सञ्चालन गर्न नसकेमा वा ऐन र ऐनअन्तर्गत बनेको नियमबमोजिम पालन गर्नुपर्ने कुराहरू पालन नगरेमा डिभिजनल वन अधिकृतले त्यस्तो धार्मिक वन फिर्ता लिने निर्णय गर्न सक्नेछन् । छाब्दीबाराही मन्दिरलाई धार्मिक पर्यटनको केन्द्रविन्दु बनाउने उद्देश्यसहित विकास कोषले गुरुयोजना तयार गरिसकेको छ । छाब्दीबाराहीमन्दिरकोसंरक्षण,वातावरणमैत्री भौतिक पूर्वाधार विकास, धार्मिक तथा ग्रामीण कृषि पर्यटन विकास एवं प्रवर्द्धन गर्ने उद्देश्यसहित मन्दिरको गुरुयोजना निर्माण गरिएको कोषका अध्यक्ष थापाले बताउनुभयो ।

थापाका अनुसार गुरुयोजनामा धार्मिक तथा सांस्कृतिक सम्पदा, भौतिक अवस्था र जैविक विविधताको संरक्षणसम्बन्धी सचेतना अभिवृद्धि, मन्दिर परिसरको सौन्दर्य अभिवृद्धि र फोहोरमैला व्यवस्थापन सम्बन्धमा आवश्यक प्रवर्द्धनात्मक कार्यक्रम गर्ने प्रस्ताव गरिएको छ । मन्दिर क्षेत्रमा एकीकृत धार्मिक तथा ग्रामीण कृषि पर्यटन, वातावरणमैत्री भौतिक पूर्वाधार निर्माण, मन्दिर क्षेत्रको भौतिक अवस्था, प्राकृतिक वातावरण एवं माछालगायतका जैविक विविधताको संरक्षण र व्यवस्थापन गर्नेलगायतका कार्यक्रम गुरुयोजनामा प्रस्ताव गरिएको छ ।

गुरुयोजनामा छाब्दीबाराही मन्दिर क्षेत्र संरक्षण, विकास तथा व्यवस्थापन गुरुयोजनाको कार्यान्वयनका लागि सात उद्देश्य, २३ रणनीति र ९४ कार्यक्रम प्रस्ताव गरिएको छ । गुरुयोजनाअनुसार अल्पकालीन तथा दीर्घकालीन कार्यक्रमका लागि रु एक करोड ९६ लाख ४० हजार बजेट आवश्यक पर्दछ । छाब्दीबाराही मन्दिर आउने भक्तजनलाई आकर्षित गर्न मन्दिर परिसरमा १० फिटको मत्स्यदेवीको मूर्ति प्रतिस्थापन गरिसकिएको छ ।

# कोरोनाले खोस्यो गन्धर्वको गाँस

**पोखरापत्र संवाददाता**
बागलुङ, ३० असार

विश्वव्यापि महामारीको रूपमा फैलिएको कोभिड– १९ को सङ्क्रमणका कारण गरिखाने वर्गको दैनिकी अस्तव्यस्त बन्दै जान थालेको छ ।

आफ्नै घर गाउँमा बेरोजगार भइसकेका विपन्न र मजदुरलाई स्थानीय तह र विभिन्न सङ्घ संस्थाले सहयोग गर्दै आएका भए पनि सारङ्गी बोकेर गाउँशहर डुली गीत गाउँदै सुखदुःख र घटना दुर्घटनाका खबर सुनाउने घुमन्ते गन्धर्वको पेशा त सङ्कटमा परेको छ नै उनीहरूको खाने गाँस समेत खोसिएको छ । म्याग्दीको बेनी नगरपालिका-२ फाँपरखेतबाट बसाइँसरी बागलुङको बलेवा गएर पुन : आफ्नै जन्मथलोमा फर्किएका सोमबहादुर गन्धर्वले विभिन्न जिल्लाका गाउँबस्तीमा पुगी सारङ्गी रेट्दै गीत गाएर त्यसबाट कमाएको पैसाले साँझबिहानको गाँस टार्ने गर्नुहुन्थ्यो तर नयाँ भेरियन्टसहितको कोरोना सङ्क्रमणको दोस्रो लहरका कारण निषेधाज्ञा जारी भएपछि उहाँको दैनिकी असहज बन्दै गएको छ ।

विसं २०३० मा २० वर्षको उमेरदेखि सारङ्गी भिरेर विभिन्न जिल्लाका गाउँगाउँमा गीत गाउँदै निस्केका गन्धर्वका छोराछोरी नभएकाले अरुले दिएकै भरमा आफ्नो गुजारा चलेको उहाँले बताउनुभयो । देशमा ठूलो राजनीतिक परिवर्तन भए पनि आफ्नो अवस्था भने चार दशक अघिकै जस्तो भएको बताउँदै गन्धर्वले खाने गाँस र बस्ने बासको अभावकै कारण कतिपय गन्धर्व आफ्नो पुर्ख्यौली पेशाबाट विस्थापित भई वैकल्पिक पेशा अपनाएको बताउनुभयो । कुनै दिन मुम्बई गोरखपुर र कोलकत्ताका कोठीमा नेपाली चेली बेचिएको, कतै सासूले बुहारीलाई दुःख दिएको, विदेशमा युद्धमा लड्दालड्दै वीरगति प्राप्त गरेका खबरको बाहक बनेर गाउँघरमा सारङ्गी रेट्ने गन्धर्वहरू कोरोना सङ्क्रमण शुरु हुनुभन्दा अघि फाट्टफुट्ट देखिने गरेकोमा कोरोनाका कारण हिजोआज देखिन छोडेका छन् । देश विदेशका घटनालाई लस्के, चाँचरी, मालश्री, मङ्गला, बारामास, सन्देश, धनसीरा, मल्लार, सरुमैरानी, कला खलेनी, असारेलगायतका भाखामा खबर दिँदै घुम्ने गन्धर्व अहिले गरिबीकै कारण पेशा परिवर्तन गर्न बाध्य भएको उनीहरूको भनाइ छ । "सारङ्गीको धुनमा घटनाक्रमलाई सिलसिलेवार कलात्मक ढङ्गबाट प्रस्तुत गरिरहँदा चौफेरीमा बस्नेको आँखा रसाउँथे", बगरफाँटका ८६ वर्षीय बेदप्रसाद उपाध्यायले भन्नुभयो,"गीत सङ्गीतको माध्यमबाट सूचना र समाचार बाँड्दै जनतालाई सुसूचित बनाउने गन्धर्वका सारङ्गीको धुन नसुनेको धेरै भयो ।"

सूचना र सञ्चारको पहुचसँगै ग्रामीण क्षेत्रमासमेत पाश्चात्य गीत सङ्गीतको प्रभाव बढ्दै गइरहेको बेला कहिलेकाहीँ गाउँघरमा डुल्दै आउने र सारङ्गी रेटेर विरहका भाका गाउने गन्धर्वले पछिल्लो समय विकास निर्माण, जनप्रतिनिधिप्रतिको निराशा र सामाजिक बेथितिका गीतसमेत गाउन थालेका थिए ।

# समृद्धि र विकासका कसीमा निवर्तमान प्रधानमन्त्री ओलीको कार्यकाल

–प्रकाश सिलवाल
काठमाडौं, ३० असार (रासस)

समृद्ध नेपालको दीर्घकालीन सोचसहित सामाजिक न्याय, समृद्धि र विकासको यात्रा शुरु गरेका प्रधानमन्त्री केपी शर्मा ओली मङ्गलबारदेखि सरकारको नेतृत्वबाट बाहिरिनुभएको छ । कोभिड-१९ को महामारी रोकथामसँगै आर्थिक विकास, सङ्घीयताको कार्यान्वयन, भूकम्पपछिको पुनर्निर्माण, हिंसात्मक राजनीतिमा रहेका समूहसँग वार्ता गरी मूल प्रवाहमा ल्याउने सहमति तथा राष्ट्रियताको थप सबलीकरणका क्षेत्रमा ओलीको कार्यकाल सम्झनलायक देखिन्छ ।

गत निर्वाचनमा वाम गठबन्धनको माध्यमबाट समृद्धि र स्थायित्वको तथा 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकाङ्क्षाको नाराका आधारमा सुविधाजनक बहुमत प्राप्त गरेर सरकारको नेतृत्वमा पुगे पनि पार्टीभित्रको विभाजन र त्यसपछि उत्पन्न घटनाक्रमले ओली प्रतिपक्षमा पुग्नुभएको छ । प्रतिनिधिसभा विघटनविरुद्धको रिटमा सोमबार सर्वोच्च अदालतले पुनर्स्थापनासहित प्रधानमन्त्रीमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई नियुक्त गर्न परमादेश दिएको थियो ।

विसं २०७४ फागुन ३ गते प्रधानमन्त्रीका दोस्रो कार्यकालका लागि नियुक्त संसद्को सबैभन्दा ठूलो दल नेकपा (एमाले) का अध्यक्ष ओलीकै कार्यकालमा कोभिडविरुद्धको खोप निःशुल्क लगाउन अभियान शुरु भएको छ भने रेलमार्ग, सुरुङमार्गजस्ता ठूला पूर्वाधार विकासको आरम्भ भएको छ । गल्छी-रसुवागढी-केरुङ चार सय केभी क्षमताको अन्तरदेशीय विद्युत् प्रसारण लाइन निर्माणका लागि सर्वेक्षण गर्न नेपाल विद्युत् प्राधिकरण र स्टेट ग्रिड कर्पोरेशन लिमिटेड चाइनाबीच सम्झदारीपत्र सम्पन्न भएको छ । नेपाल-भारत सीमादेखि भारतको गोरखपुरसम्मको १२० किलोमिटर लम्बाइको चार सय केभी अन्तरदेशीय विद्युत् प्रसारण लाइन निर्माणका लागि नेपाल विद्युत् प्राधिकरण र भारतको पावरग्रिड कर्पोरेशन अफ इन्डिया लिमिटेडको ५०-५० प्रतिशत शेयर पूँजी रहने गरी संयुक्त स्वामित्वको कम्पनी स्थापना गर्न दुई देशबीच सहमति भएको छ । विकास निर्माणको सिलसिलामा ओली नेतृत्वको सरकारले अरु धेरै उदाहरणीय काम गरेको छ । नेपालको उत्पादित विद्युत् भारत र बङ्गलादेश तथा अरूतिर पनि वितरण गर्नका लागि कार्य अगाडि बढाइएको छ भने नेपाल र चीनबीच ऊर्जा सहमति र सहकार्यको सम्झौता सम्पन्न भएको छ । मुजफ्फरपुर-ढल्केबर अन्तरदेशीय विद्युत् प्रसारण लाइनको भारतका प्रधानमन्त्रीसँग संयुक्तरूपमा उद्घाटन गरेर सञ्चालनमा आएपछि विद्युत् आयातनिर्यातको ढोका खुलिसकेको छ । एमसिसी कम्प्याक्टअन्तर्गतलप्सेफेदी-रातामाटे-दमौली-हेटौँडा-पाल्पा-बुटवल र गोरखपुरसम्म अन्तरदेशीय विद्युत् प्रसारण लाइन र आवश्यक सबस्टेशन निर्माणको कार्य सम्पन्न गर्ने योजना दीर्घकालीन महत्वको मात्र नभएर नेपालको अपार जलविद्युत् सामर्थ्य उपयोगमा कोसेढुङ्गा हुनेछ । अमेरिकी सरकारको करीब ५५ अर्ब अनुदान र हाम्रो १४ अर्ब हाराहारीको लगानीका साथ सम्पन्न हुने यस परियोजनाले राष्ट्रिय गौरवको योजनाको महत्व र हैसियत प्राप्त गरेको छ ।

यही बीचमा वर्ष २०७६ मा मानव विकास सूचकाङ्क, व्यवसाय गर्ने सहज वातावरण, भोकमरीको अवस्था, शान्ति तथा कानूनी शासन, भ्रष्टाचार निवारण, पर्यटकीय प्रतिस्पर्धा, लैङ्गिक समानताजस्ता विश्वव्यापी सूचकाङ्कमा नेपालले उल्लेख सुधार गरेको थियो । विश्व बैंकले हालै सार्वजनिक गरेको 'वुमेन, बिजनेस एन्ड द ल-२०२०' रिपोर्टका अनुसार महिला, व्यवसाय र कानूनका क्षेत्रमा सुधार गर्ने प्रमुख १० देशको सूचीमा नेपाल उत्कृष्ट तीनमा परेको छ । विगत २४ वर्षदेखि चर्चामा मात्रै रहेको मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन, भारतको औपचारिक भ्रमणको समयमा मैले त्यहाँका प्रधानमन्त्रीसँग संयुक्त रूपमा शिल्यान्यास भई कार्यान्वयनमा आएको छ ।

सबै नेपालीको टेलिफोन सेवामा पहुँच पुगेको छ । हाल करीब ७० प्रतिशत जनसङ्ख्याले इन्टरनेटको सुविधाको उपभोग गरेका छन् र सबै जिल्लामा फोर-जी सेवा पुगेको छ । भूकम्पपछिको पुनर्निर्माणअन्तर्गत निजी घरको निर्माण सम्पन्न भएको छ र ऐतिहासिक पुरातात्विक महत्वका सम्पदाको पुनर्निर्माण भएको छ । जनता आवास कार्यक्रमअन्तर्गत आठ हजार आवास इकाइहरू निर्माण गरिएका छन् । विसं २०७५ साल चैत १७ गते राति आएको हावाहुरी र चक्रवातका कारण बारा र पर्सामा क्षति भएका ८६९ घरको सम्पूर्ण निर्माण सम्पन्न गरी उपभोक्ताहरूलाई हस्तान्तरण भएको थियो । विद्यालयमा खुद विद्यार्थी भर्नादर शत् प्रतिशत हुँदैछ । विद्यालय छाड्ने दर २.६ प्रतिशतमा झरेको छ । संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ)को विश्व प्रतिवेदन-'अ वल्ड रेडी टु लर्न' मा सन् २००० पछिका १७ वर्षमा नेपालको विद्यालय भर्ना दर १२ प्रतिशतबाट ८६ प्रतिशत पुगेको भनी प्रशंसा गरिएको छ । स्वास्थ्य बीमा जम्मा १५ जिल्लाबाट ५० भन्दा बढीमा जिल्लाका करीब ३० लाखले लाभ लिन सक्ने गरी विस्तार भएको छ । स्वास्थ्य पूर्वाधारमा ऐतिहासिक विकासको थालनी भएको छ ।

दक्षिण एशियामा नेपाल यसै अवधिमा पहिलो खुला दिसामुक्त मुलुक घोषणा भएको छ । शत्प्रतिशत जनसङ्ख्यामा आधारभूतस्तरको सरसफाइको पहुँच छ । कूल जनसङ्ख्यामध्ये ८९ प्रतिशत जनतामा आधारभूतस्तरको खानेपानीमा पहुँच छ । तराई मधेशका २० जिल्लामा ४११ किलोमिटर ढल निर्माण गरिएको छ । तराई मधेशमा ढल निर्माण, सरसफाइको क्षेत्रमा नयाँ प्रगति हो र यो अङ्क तथा अनुभूति दुवै हो । काठमाडौँ उपत्यकाको फोहोरमैला व्यवस्थापन गर्न बञ्चरेडाँडामा आधुनिक प्रविधियुक्त स्यानेटरी ल्यान्डफिल्ड साइट निर्माणको पहिलो चरणको काम आगामी चैतभित्र सम्पन्न हुँदैछ । सङ्घीय संसद् भवन तीन वर्षमा सक्नेगरी निर्माण आरम्भ गरिएको छ । ललितपुरको गोदावरीमा तीन हजार क्षमताको सभाहल उद्घाटन भएको छ । सामाजिक सुरक्षा कार्यक्रमको दायरा फराकिलो भएको छ । अहिले विभिन्न आठ प्रकारका सामाजिक सहायताका कार्यक्रम सञ्चालित छन् । यसबाट करीब एक करोड जनता समेटिएका छन् । यस अवधिमा श्रमिकको पारिश्रमिकमा ३९ प्रतिशतले वृद्धि भएको छ । खुद ज्याला, महँगीको अनुपातभन्दा माथि भएकाले केही हदसम्म भवितव्यको सामना गर्न बचत गर्नसक्ने अवस्था छ । कूल जनसङ्ख्याको झण्डै १० प्रतिशत अर्थात् २८ लाखभन्दा बढीले कुनै न कुनै किसिमको सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका छन् ।

योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई राष्ट्रिय अभियानका रूपमा प्रारम्भ गरिएको छ । सबै प्रकारका रोजगारीमा संलग्नहरूको भविष्यसँग जोडिएको र मुलुकलाई कल्याणकारी राज्यमा रुपान्तरण गर्ने यस युगान्तकारी कार्यक्रमलाई आम श्रमजीवी वर्गको तहमा विस्तार गर्न जरुरी भएको अध्यक्ष ओलीको भनाइ छ । नयाँ सरकार बन्न लागेको स्थितिमा आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट देशवासीका नाममा सम्बोधन गर्दै ओलीले धैर्य, सावधानी र आत्मविश्वासका साथ कोभिड-१९ को रोकथाम र नियन्त्रणका साथै सरकारले 'समृद्ध नेपाल र सुखी नेपाली'को यात्रालाई अघि बढाएको बताउनुभएको थियो ।

तत्कालीन पूर्वाधार विज्ञ (सल्लाहकार) गजेन्द्र थपलियाका अनुसार ओली प्रधानमन्त्री हुँदा शिलान्यास गर्नुभएका ४९ वटा आयोजनाको निरन्तर कामको प्रगति र चासो राख्ने काम जारी रहेको थियो । रानीपोखरी, धरहरा पुनर्निर्माण, मेलाम्ची खानेपानी आयोजना, माथिल्लो तामाकोसी जलविद्युत् आयोजना तीन हजार क्षमताको सभाहलजस्ता केही उदाहरण हुन् । कोरोनाका कारणले भैरहवा एअरपोर्ट, पोखरा एअरपोर्ट, लुम्बिनीको पाँच हजार क्षमताको सभाहल, रेल सञ्चालन जस्ता काम सम्पन्न हुन ढिलाइ भएको छ ।

नागढुङ्गा टनेलमार्ग, बबई, भेरी बबई, सुनकोसी मरिन बहुउद्देश्यीय आयोजना, सिक्टा, रानी जमरा गुलरिया, महाकाली सिँचाइ, हुलाकी राजमार्ग, पुष्पलाल (मध्य पहाडी) लोकमार्ग, मदन भण्डारी राजमार्ग, उत्तर दक्षिण कोसी, कालीगण्डकी, कर्णाली करिडोरलगायत अन्य आयोजनामा अनुगमन र समस्या समाधानमा प्रधानमन्त्री र उहाँको सचिवालयले नियमित काम गरेको थियो ।

# जिल्लाकै पहिलो नगर अस्पतालको भवन निर्माण

पोखरापत्र संवाददाता
बागलुङ, ३० असार

बागलुङ जिल्लाको गलकोट नगरपालिकामा प्रस्तावित गलकोट नगर अस्पतालका लागि सुविधासम्पन्न भवन निर्माण गरिएको छ । गलकोट प्राथमिक स्वास्थ्य केन्द्र हरिचौरलाई गलकोटको नगर अस्पताल बनाउने अन्तिम तयारी छ । यो नै जिल्लाको पहिलो नगर अस्पतालको भवन हो ।

गलकोट प्राथमिक स्वास्थ्य केन्द्र हरिचौरमा विसं २०७३ मा निर्माणकार्य शुरु गरिएको सुविधासम्पन्न भवन तयार भएको गलकोट प्राथमिक स्वास्थ्यचौकी व्यवस्थापन समितिका अध्यक्ष तथा गलकोट नगरपालिका-५ का वडाध्यक्ष नारायणध्वज मल्लले जानकारी दिनुभयो । स्वास्थ्य केन्द्रलाई नगर अस्पताल बनाउन नगरपालिकाले सबै तयारी पूरा गरेको र स्वास्थ्य मन्त्रालयले स्वीकृत मात्रै गर्न बाँकी रहेको उहाँको भनाइ छ । "अहिले प्राथमिक स्वास्थ्य केन्द्रकै हिसाबले सेवा दिइरहेका छौँ तर नगर अस्पताल निर्माणका लागि जग्गा र भवन लगभग हामीलाई पुग्छ, सरकारको पनि एक स्थानीय तह एक अस्पतालको नीति छ", मल्लले भन्नुभयो, "जिल्लाको गलकोट नपासहित ताराखोलाका स्थानीयवासीलाई समेत नगर अस्पताल निर्माणपछि सहज हुनेछ ।" अहिले केन्द्रमा निकै पुरानो जीर्ण भवन मात्रै रहेकाले सेवा दिन समस्या भइरहेको छ । अब सुविधासम्पन्न भवन थपिएको र हस्तान्तरण हुन बाँकी भए पनि उपभोग गर्न मिल्ने सहमति भएको मल्लले जानकारी दिनुभयो । कोरोना सङ्क्रमणको समयमा कोरोना अस्पतालका रूपमा समेत रहेको स्वास्थ्य केन्द्रले ६४ सङ्क्रमितलाई भर्ना गरी उपचार गरिसकेको छ । भवन नहुँदा आँखा अस्पतालको भवनबाट उपचार सेवा प्रदान गर्नुपर्ने बाध्यता अब सुविधासम्पन्न भवन प्रयोगमा ल्याएसँगै अन्त्य हुने स्वास्थ्य केन्द्र तथा प्रस्तावित नगर अस्पतालका डा निक्सन डङ्गोलले जानकारी दिनुभयो । "कोरोना महामारीमा भवन अभावमा आँखा अस्पतालको भवनबाट सङ्क्रमितलाई सेवा दिएका थियौँ, अहिले अस्पतालमा कोरोना सङ्क्रमित भर्ना हुनुभएको छैन", डा डङ्गोलले भन्नुभयो, "अस्पताल भवन तयार भएको छ, अब सहज होला, तर नगर अस्पताल सञ्चालनका लागि आवश्यक उपकरण र जनशक्ति थप गर्नुपर्ने छ, जसका लागि नगरपालिकाले सबै कागजात मन्त्रालय र विभागमा पठाइसकेको छ, स्वीकृत भएर आएमा जिल्लाकै पहिलो नगर अस्पताल यही हुनेछ ।"

विसं २०७३ मङ्सिरमा दुई वर्षमा सक्ने गरी अमिट विल्डर्सले निर्माण थालेको उक्त भवन तीन वर्ष ढिलो गरी सम्पन्न भएको वडाध्यक्ष मल्लले जानकारी दिनुभयो । उक्त भवन रु पाँच करोड ४५ लाखको लागतमा निर्माण भएको हो । अहिले प्राथमिक स्वास्थ्य केन्द्र आठ शय्याको भए पनि भवन निर्माणपछि १० शय्यामा सञ्चालन आउने छ । नगर अस्पताल स्वीकृत भएमा १५ शय्यामा सेवा दिनेछ । अस्पतालको भवन बने पनि अस्पतालका लागि उपकरण तथा फर्निचरको काम भने बाँकी रहेको छ । नगरपालिकाले आकस्मिक सेवामा उपकरण तथा सेवा थप र जेनेटर खरिदका लागि रु २० लाख विनियोजन गरेको छ । यस्तो विषम परिस्थितिमा भवन समयमा नबन्दा उपचारमा समस्या भएको केन्द्रमा कार्यरत स्वास्थ्यकर्मी बताउँछन् । अहिले सेवा दिन मिल्ने गरी भवन प्रयोग गर्ने तयारी छ । नगर अस्पतालमा प्राथमिक स्वास्थ्य केन्द्रका लागि तोकिएकै दरबन्दी छ । दरबन्दी बढाउनसमेत पहल भइरहेको छ । अहिले केन्द्रमा दरबन्दीका चिकित्सक नभएको अवस्था छ । अहिले दुई चिकित्सक भए पनि दुवै करारमा छन् । केन्द्रमा एक मेडिकल अधिकृत, एक स्टाफ नर्स, तीन अनमी, तीन अहेव र एक कार्यालय सहयोगीको मात्रै दरबन्दी छ । गलकोट नगर अस्पतालका रूपमा सेवा दिनका लागि भवन पर्याप्त भए पनि दरबन्दी र उपकरण थप गर्न नगरपालिकाले पहल गरिरहेको नगरप्रमुख भरत शर्मा गैरेले जानकारी दिनुभयो ।

# बाहिरिए १४ खेलाडी

रासस
काठमाडौं, ३० असार

राष्ट्रिय फुटबल टोलीको बन्द प्रशिक्षणबाट १४ खेलाडी बाहिरिनुभएको छ । नेपाली राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक अब्दुल्लाह अलमुताइरीले दोस्रो चरणको बन्द प्रशिक्षणका लागि ३६ खेलाडी छनोट गर्नुभएको हो ।

अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले प्रारम्भिक बन्द प्रशिक्षणका लागि ५० खेलाडीलाई छनोट गरेको थियो । बन्द प्रशिक्षणबाट बाहिरिने खेलाडीमा विशाल सुनार, अमित तामाङ, विवेक बस्नेत, दर्शन गुरुङ, डोना थापा, गौरव बुढाथोकी, मिक्छेन तामाङ, नीरज बस्नेत, निशान खड्का, प्रिजेन तामाङ, रवी पासवान, सेसेहाङ आङदेम्बे, शिशिर लेखी र सुदील राई रहनुभएको छ । बन्द प्रशिक्षणमा रहनुभएका खेलाडीमा अर्पण कार्की, विकेश कुथु, विशाल श्रेष्ठ, दीप कार्की, किरणकुमार लिम्बू, आशिष लामा, अभिषेक रिजाल, अनन्त तामाङ, अन्जन विष्ट, एरिक विष्ट, आयुष घलान, भरत खवास, विशाल राई, दिनेश राजवंशी, गौतम श्रेष्ठ, जर्ज प्रिन्स कार्की, कमल थापा, मनिष डाँगी, नवयुग श्रेष्ठ, नितिन थापा, प्रकाश बुढाथोकी, पुजन उपरकोटी, राजन गुरुङ, रजिन धिमाल, राजिव लोप्चन, रन्दिप पौडेल, रोहित चन्द, सन्जोग राई, सन्तोष तामाङ, सुजल श्रेष्ठ, सुमन अर्याल, सुमन लामा, सुनिल बल, सुरज ज्यु ठकुरी, तेज तामाङ र त्रिदेव गुरुङ रहनुभएको छ ।

साफ च्याम्पियनसीप आगामी सप्टेम्बर १४ देखि २५ तारिखसम्म बङ्गलादेशमा हुनेछ भने एशियन कपको अन्तिम छनोट सन् २०२२ को फेब्रुअरीमा हुनेछ ।

# आँबुखैरेनीमा बहुउद्देश्यीय भवनको शिलान्यास

पोखरापत्र संवाददाता
तनहुँ, ३० असार

आँबुखैरेनी गाउँपालिकाले निर्माण गर्न लागेको पाँच तले बहुउद्देश्यीय भवनको बुधबारशिलान्यास गरिएको छ । उक्त भवनको गाउँपालिकाका अध्यक्ष गिरबहादुर थापाले एक कार्यक्रमबीच शिलान्यास गर्नुभएको हो ।

भवनको कूल लागत रु १३ करोड ७४ लाख एक हजार ७८१ रहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद पोखरेलले जानकारी दिनुभयो । गाउँपालिकाको नाममा रहेको ४९३.५८ वर्गमिटर क्षेत्रफलमा भवन निर्माण गर्न लागिएको हो । भवन पाँच तलाको बनाउने लक्ष्य रहे पनि पहिलो चरणमा तीन तलाको निर्माण गरिने बताइएको छ । पहिलो चरणामा रु दुई करोड ३९ लाख ८८ हजार ७७८ विनियोजन गरिएको छ । उक्त भवनको जिम्मा श्री ज्ञान ज्योति विल्डर्स प्राली काभ्रेले पाएको छ । विसं २०७९ कात्तिक १५ गतेभित्रमा सम्पन्न गर्नुपर्ने गरी सम्झौता गरिएको गाउँपालिकाका सूचना अधिकारी शिखरलाल डोटेलले जानकारी दिनुभयो ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि.स. १९८८/04/30 गते

स्वर्गारोहणः
वि.स. २०७८/03/२९ गते

स्वः सु. मनविर गुरुङ

साविक मौजा गा.वि.स. लामडाँडा गाँउ, वडा नं. ६ हाल पोखरा महानगरपालिका वडा नं. २०, घर भई कमलपोखरी मार्ग टोल विकास संस्था, पोखरा–१३, मा बसोबास गर्दै आउनु भएका यस समाजका सदस्य **सु. मनविर गुरुङ** ९० वर्षको उमेरमा असामयीक निधन भएको आज तेस्रो दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

ना. सु. कृष्ण बहादुर गुरुङ
अध्यक्ष तथा
**बाँझापाटन तमु समाज परिवार**
**पोखरा-१३**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि.स. २००२/07/१९ गते

स्वर्गारोहणः
वि.स. २०७८/03/१९ गते

स्वः रूपनारायण रेग्मी

यस सहकारीका शेयर सदस्य हरिप्रसाद रेग्मीका पुजनीय पिता **रूपनारायण रेग्मी** को ७६ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तव्ध भएका छौं । यस दुःखद घडीमा शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दै र यस शोकलाई सहन गर्न सक्ने शक्ति प्राप्त होस् भन्ने प्रार्थनाका साथ उहाँ ब्रम्हलीन हुनुभएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

**सिटी बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा-९, न्यूरोड**